सर्वोच्च अदालत, संयुक्त इजलास
माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत
माननीय न्यायाधीश श्री कुमार रेग्मी

आदेश

**०७६-WO-०९५८**

विषयः- अन्तरिम आदेश जारी गरिपाउँ।

अधिवक्ता डा. पुण्यप्रसाद खतिवडासमेत ................................................... निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार काठमाण्डौंसमेत ............ विपक्षी

**मुद्दाः- उत्प्रेषणसमेत**

यसमा अन्तरिम आदेश छलफलको लागि पेस भएको निवेदन सहितको मिसिल संलग्न कागजातहरु अध्ययन गरियो।

निवेदकहरुको तर्फबाट उपस्थित विद्वान् वरिष्ठ अधिवक्ताहरु श्री मुकुन्द शर्मा पौडेल, डा. श्री दिनेश त्रिपाठी तथा विद्वान् अधिवक्ताहरु डा. पुण्यप्रसाद खतिवडा, श्री सुरेन्द्र विक्रम के.सी., श्री विष्णु लुइटेल, श्री नारायणप्रसाद दुवाडी, श्री विष्णुप्रसाद भण्डारी, श्री विकास भट्टराई, श्री किर्तीनाथ शर्मा पौडेल, श्री अनन्तराज लुइटेल, श्री चिरन्जिवि ढकाल, श्री ज्ञानेन्द्रराज आरण, श्री कमल कोइराला, श्री विशालकुमार उपाध्याय, श्री जगन्नाथ मिश्र, श्री पारसमणि भट्टराई, श्री चन्द्रप्रसाद गुरागाई, श्री प्रवल सिन्धु गुप्ता, श्री दिपक दुवे, श्री सन्तोष भण्डारी, श्री सुजन नेपाल, श्री उत्तमबहादुर श्रेष्ठ, श्री प्रमोदकुमार थापा ,श्री केशरमणि अर्याल, श्री तुलसीबहादुर कार्की, श्री दिपक विक्रम मिश्र, श्री लक्ष्मी (नानी) थापा, श्री चण्डिका ढकाल, श्री छोनाम मोक्तान, श्री हरिकृष्ण श्रेष्ठ र श्री नवराज पाण्डेले तथा विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री सन्जीव राज रेग्मीले गर्नु भएको बहससमेत सुनियो।

प्रस्तुत रिट निवेदन विश्व नै आतङ्कित बनाएको कोरोना भाइरस महामारी (COVID-19) संग सम्बन्धित रहेको देखिएकोले वर्तमान अवस्थामा यसको शिघ्रातिशिघ्र नियन्त्रण तथा रोकथाम गरी यसको दुश्प्रभावबाट आम नागरिकको जीवन रक्षा गर्नुपर्ने भएको छ। कोरोना

भाइरसले हाम्रै मुलुकमा पनि हजार भन्दा माथिको सङ्ख्यालाई संङ्क्रमित बनाइसकेको र सोही कारण केहीले मृत्युसमेत बरण गर्न परेको दुखद र अप्रिय हालको अवस्थामा राज्य, सरकार तथा संविधान कानूनबमोजिमका सम्पूर्ण निकाय, संस्था र नागरिक सबै बढी जिम्मेवार हुनै पर्ने भएको छ। कोरोना भाइरसबाट सिर्जित कयौं घटनाको कारण कतिपय व्यक्ति बेसहारा र विचल्लिमा परी आफ्नो जीवनको रक्षा खातिर राज्य, सरकार र सबैसँग अनुनय विनय गरेको कारुणिक, कहालिलाग्दो र अमानविय दृश्यहरुले हाम्रो मनोविज्ञान नै त्रशित हुन पुगेको छ।

नेपालको संविधानको धारा १६ मा प्रत्येक नागरिकलाई सम्मानपूर्वक बाच्न पाउने हक हुनेछ र धारा ३५ (१) मा प्रत्येक नागरिकलाई आधारभूत स्वास्थ्य निःशुल्क प्राप्त गर्ने हक हुनेछ र कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित गरिने छैन भनी संवैधानिक प्रावधान रहेको पाइन्छ। यस्तो बाच्न पाउने संविधान प्रदत्त मौलिक हक अन्तर्गत नागरिकको अमूल्य जीवनको रक्षा गर्न सकिएन भने उसका लागि राज्य, सरकार र संविधानको कुनै अर्थ हुदैंन। अत्यन्त असहज, कठिन र बिषम परिस्थितिमा नागरिकले आफ्नो राज्य र सबै तहको सरकार तथा सबै जिम्मेवार निकायबाट सार्थक सहयोगको अपेक्षा राख्नुलाई अनुचित भन्न पनि मिल्दैन। अरु जे सुकै भएपनि मानिसको बाच्न पाउने हकमा राज्य र सरकार उदासिन हुन सक्दैन र पाउदैन। नागरिकको बाच्न पाउने मौलिक हक र मानव अधिकार प्रति राज्य संवेदनशिल हुन सकेन भने आघात पुगेको संविधान प्रदत्त मौलिक हक प्रचलनको रक्षार्थ यस अदालतबाट आफ्नो संवैधानिक सीमा र न्यायको मान्य सिद्धान्तको अन्तरनिहित अधिकार अन्तर्गत उपयुक्त र न्यायोचित आदेश दिनु पर्ने हुन्छ। तसर्थ, कोरोना भाइरसले मुलुक आक्रान्त भएको कठिन र असहज अवस्थामा आम नेपाली नागरिकको जीवन रक्षाको खातिर अबिलम्व देहाय बमोजिमको कार्य सम्पादन गर्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुको नाउँमा यो अन्तरिम आदेश जारी गरी दिएको छः

क. विश्व स्वास्थ्य संगठनले निर्धारण गरेको मापदण्ड अनुसार प्रत्यक्ष र अग्रिम पङ्तिमा रहेर स्वास्थ्य सेवा उपलब्ध गराउने चिकित्सक, नर्स, स्वास्थ्य सेवामा खटिएका कर्मचारीहरु, सफाईकर्मिहरु तथा आम जनसमुदायसँग प्रत्यक्ष सम्पर्कमा रहने सुरक्षाकर्मिलाई आवश्यक पर्ने पोशाक, वस्तु, उपकरण लगायतका सम्पूर्ण सामाग्रीहरु पर्याप्त मात्रामा निःशुल्क अबिलम्व उपलब्ध गर्ने व्यवस्था गर्नु गराउनु।

ख. क्वारेन्टाइनमा रहेका सम्पूर्ण व्यक्तिहरुको अबिलम्व PCR विधिबाट निःशुल्क स्वास्थ्य परिक्षण गर्नु, क्वारेन्टाइनमा राखिएको व्यक्तिहरुको हकमा निजहरुलाई

आवश्यक पर्ने स्वास्थ्य सेवा र सुरक्षाको यथोचित प्रबन्ध मिलाउनु र सामाजिक दुरीको मान्यतालाई कायम राखी गर्मिको मौसम भएकाले लामखुट्टे लगायतबाट हुन सक्ने सङ्क्रमणबाट जोगाउन आवश्यक व्यवस्था गर्नु एवं क्वारेन्टाइनको अवधिभर क्वारेन्टाइनमा बसेका व्यक्तिहरुलाई निःशुल्क भोजन, पानीको अतिरिक्त सामाजिक दुरी कायम गरी उचित तवरले बस्ने, सुत्ने र शौचको प्रबन्ध अबिलम्ब मिलाउनु।

ग. आधारभूत स्वास्थ्य सेवा संविधानमा नै मौलिक हकको रुपमा रही निःशुल्क भएको, सरुवा रोगलाई आधारभूत सेवा भित्र पारी निःशुल्क रहेको भन्ने कुरा जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३(४)(ग) मा पनि उल्लेख भएको र कोरोना भाइरस सरुवा रोग भएको हुदाँ अत्यावश्यक सिटामोललगायतका औषधिहरु, मास्क र चिकित्सकिय मास्कहरु, गुणस्तरिय हान्ड स्यानिटाइजरहरु निःशुल्क रुपमा आवश्यक पर्ने व्यक्तिलाई अबिलम्व उपलब्ध गर्नु, गराउनु।

घ. प्रस्तुत आदेशको जानकारी विपक्षीहरुलाई यथाशिघ्र दिई नियमानुसार गरी पेस गर्नू।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७७ साल जेष्ठ १८ गते रोज १ शुभम् --------------------------------।